# मापदण्डविपरीतका सेनिटाइजर बजारमा




◆ हाम्रोमत संवाददाता

*विराटनगर, २७ वैशाख*

महामारीको रूपमा दोस्रो लहरको कोरोना भाइरसको संक्रमण फैलने क्रम बढिरहेका बेला प्रदेश १ को राजधानी विराटनगरमा नक्कली र मापदण्ड बिपरितका सेनिटाइजर धमाधम भेटिन थालेको छ।

मानव स्वास्थ्य र छालामा असर गर्ने नक्कली र मापदण्ड विपरितका सेनिटाइजर बजारमा भेटिन थथालेपछि औषधि व्यवस्था विभागले अनुगमन र कारबाहीलाई तीब्र बनाएको छ।

कोरोना भाइरस नष्ट गर्ने भन्दै मापदण्ड पूरा नगरिकन जथाभावी उत्पादन भइरहेका सेनिटाइजर स्वास्थ्यका लागि हानिकारक हुने भन्दै विभागले प्रयोग गर्दा सचेत रहन आग्रह गरेको छ। विराटनगर महानगरपालिको नेतृत्वमा सोमबार विराटनगरका औषधी पसलहरुमा गरिएको अनुगमनको क्रममा नक्कली र मापदण्ड विपरीतका सेनिटाइजहरु भेटिएको थियो। निशिका अग्रवालले विराटनगरमा सञ्चालन गरेको श्री सर्जिकलमा मापदण्ड विपरितका सेनिटाइजर जफत गरिएको छ।

'प्रुलिम' ब्राण्डको सेनिटाइजरमा अल्कोहलको मात्रा बढी देखिएकोले विभागले नमुना परीक्षणको लागि प्रयोगशालामा पठाएको औषधी व्यवस्था विभाग विराटनगरका प्रमुख संजिव शर्मा कट्टेलले जानकारी दिए। सोही फार्मेशीमा अनुगमनको क्रममा लेबल नभएको मास्क विक्री वितरण गरेको पाइएपछि ३ हजार पिस मास्क बरामद गरिएको छ।

यस्तै विराटनगरको अटल फार्मेशीमा आयुर्वेदिक औषधीको इजाजत नलिइकन औषधी विक्री वितरण गरिएको भेटिएको थियो। सञ्चालकलाई अनुगमन टोलीले सचेत गराएको छ। टोलीले नगरका थोक र खुद्रा मेडिकल अनुगमन गरेको थियो।

कोभिडमा महामारीमा स्वास्थ्य समाग्रीको कालोबजारी र गुणस्तहिन सामाग्री विक्री वितरण रोक्न अनुगमनलाई तीब्रता दिने विभागका प्रमुख कट्टेलले बताए। कतिपयमा फार्मेशीमा जनशक्ति पनि प्रयाप्त नदेखिएको राख्न निर्देशन दिएको उनको भनाई छ। अनुगमनमा विराटनगरम महानगर उप्रमुख इन्दिरा कार्की, स्वास्थ्य महाशाखाका स्वास्थ्यकर्मीलगायतको सहभागिता थियो।

संक्रमण तीब्र रुपमा फैलिएको कारण स्वास्थ्य सामाग्रीको प्रयोग बढ्न थालेपछि कालोबजारी हुन नदिन औषधी व्यवस्था विभागले केही दिनयता पनि अनुगमनलाई तीब्रता दिएको छ। केही दिन अघि झापाको दमक-४ मा विनाअनुमति निश्चल केमिकल वर्क नाम दिएर उत्पादन गरेको नक्कली सेनिटाइजर भेटिएको थियो। लक्ष्मीप्रसाद राईले सञ्चालन गरेको निश्चल फार्मेसीबाट बरामद भएको सेनिटाइजरको उत्पादन गर्ने कम्पनी भने पहिचान भइसकेको छैन।

मानव स्वास्थ्यका साथै छालामा निक्कै लामो समयसम्म असर गर्ने भएकाले मिथायल अल्कोहल मिसाएर बनाएको सेनिटाइजर प्रयोग गर्न नमिल्ने विभागले जनाएको छ। सेनिटाइजर बनाउँदा ७० देखि ८० प्रतिशतसम्म इथानोल वा आइसोप्रोपायल अल्कोहलको मिश्रण हुनुपर्ने विभागको भनाइ छ।

यसअघि औषधि विभाग, घरेलु तथा साना उद्योग कार्यालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागको संयुक्त टोलीले विराटनगरको मञ्जरी आयुर्वेदिक औषधि उद्योगलाई सेनिटाइजर उत्पादनमा रोक लगाएको थियो। दर्ता नगरि र विभागलाई थाहै नदिइकन आफूखुसी सेनिटाइजर उत्पादन गरिरहेको पाइएपछि रोक लगाउँदै गुणस्तरहीन एवं प्रयोग गर्न अयोग्य सामग्री बनाए वापत उपभोक्ता संरक्षण ऐन २०७५ अन्तर्गत ५० हजार रुपैयाँ जरिवाना गरिएको कट्टेलले बताए।

त्यस्तै सुनसरीको इहटरी-४ मा शौर्य केमिकल प्रालीले पनि शौर्य ह्यान्ड नामक गुणस्तरहीन सेनिटाइजर उत्पादन गरिरहेको यसअघि पत्ता लागेको थियो। घरेलु मदिरा प्रयोग गर्दै अवैध ढंगले सेनिटाइजर बनाएर बजारमा बिक्रीका लागि लैजाने गरेको पाइएपछि अतित गुरागाई र अमरजीत गोश्वामीलाई प्रहरीले पक्राउ गरेर कालाबजारी ऐन अन्तर्गत मुद्दा चलाएको थियो।

विभागले नक्कली सेनिटाइजर उत्पादन गर्दै आएका विभिन्न आधा दर्जन अवैध कम्पनीलाई कारबाही गर्दै उत्पादनमा रोक लगाएर बन्द गरिसकिएको जनाएको छ।

# अबैध सखुवाको काठ बरामद

◆ हाम्रोमत संवाददाता

*धरान, २७ वैशाख*

सुनसरीको बराहक्षेत्र नगरपालिकाको कालाबञ्जरबाट सशस्त्र वन गस्ती टोलीले सखुवा जातको काठ बरामद गरेको छ।

सशस्त्र सुरक्षा बल पोस्ट चक्रघट्टीले सोमबार बिहान पाएको विशेष सूचनाका आधारमा कालाबञ्जरस्थित तीनजुरे काष्ठ उद्योग अगाडिबाट काठ बरामद गरेको जनाएको छ।

साखु जातको काँचो अवस्थामा रहेको २ थान गोलाई बरामद भएको वन कार्यालयको सशस्त्र सुरक्षा बल टोलीका जमदार पर्शुराम पाण्डेले जानकारी दिए। नापजाँच गर्दा ५८ बाइ ७ को १ थान र अर्को ५३ बाइ ७ को काँचो अवस्थामा



रहेको दुईवटा गोलाई बरामद गरिएको जमदार पाण्डेले बताए।

काठ मिल अगाडिबाट बरामद गरिएकाले कसले ल्याएको हो वा राखेको हो भन्नेबारेमा अनुसन्धान भइरहेको सशस्त्रले जनाएको छ। जमदार पाण्डेले ती काठ बेवारिसे अवस्थामा फेला परेको बताए।

फेला परेको काठ ३३ क्युबिक फिट रहेको छ। साखु जातको उक्त काठ स्थानीय बजारमा न्युनतम् ४ हजार रुपैयाँ प्रतिक्युबिक फिट बिक्री भइरहेको छ। उद्योग सञ्चालक दिनेश विष्टले हप्ता दिन अघिदेखि मिल बन्द रहेको बताएका छन्। विगत सात वर्षदेखि सञ्चालित तीनजुरे काष्ठ उद्योग स्थानीय दिनेश विष्टले सञ्चालन गरिरहेका छन्। बरामद काठलाई डिभिजन वन कार्यालय नडाहा लाने तयारी गरिएको जमदार पाण्डेले जानकारी दिए।

## पहिलो पृष्ठबाट बाँकी

### प्रधानमन्त्री...

अर्को चरणको बैठकमा प्रधानमन्त्री ओलीले विश्वासको मत लिने प्रस्ताव प्रस्तुत गरे। प्रस्ताव टेबल गरेसँगै प्रधानमन्त्रीले आफ्नो मन्तव्यसहित प्रस्तावका पक्षमा मतदान गर्न सभामा आग्रह गरे भने त्यसपछि प्रधानमन्त्रीको प्रस्तावमाथि केन्द्रित रही दलीय प्रतिनिधित्वका आधारमा सदस्यले आआफ्ना धारणा राखेका थिए।

सांसदहरुको धारणा र उठाइएको प्रश्नमा प्रधानमन्त्री ओलीले जवाफ दिएसँगै मतदान भएको थियो। मत विभाजनका क्रममा हुन्छ, हुन्न र मत दिन्न भन्ने तीन मत जाहेर गर्ने व्यवस्था रहेको थियो।

### अब नयाँ...

काँग्रेसका २ र जनता समाजवादी पार्टीका २ गरि चार जना निलम्बित छन्। अहिले संसदको विद्यमान अंकगणितमा एमालेसँग १२१ सांसद छन्। तर, उनीहरुमध्ये २८ जनाले पार्टीको ह्विप उल्लंघन गर्दै सोमबारको मतदानमा अनुपस्थिति जनाएका छन्।

नेपाल समूहले राजिनामा नदिएमा बहुमतको सरकार निर्माणका निम्ति १ सय ३६ सांसद आवश्यक पर्छ। कांग्रेसको ६१ र माओवादी केन्द्रको ४८ सांसद जोड्दा १ सय ९ सांसद पुग्छन्। उनीहरूलाई बहुमत जुटाउन ३२ सांसद कायम रहेको जसपाको पूर्ण साथ आवश्यक पर्नेछ।

### भारतीय...

सुनसरी प्रहरी प्रमुख एसपी कमल थापाले मुद्दालाई मजवुत बनाउन अनुसन्धानको दायरामा फराकिलो पारिएको बताए। नागरिकता दिलाउन भूमिका खेल्ने, सिफारिस एवं सनाखत गर्ने र नागरिकता दिने सबैलाई कारबाहीको दायरामा ल्याउने प्रहरीको भनाइ छ।

शर्माको नाममा एसपीजे ०२३९३३५ नम्बरको भारतीय मतदाता परिचयपत्र छ। नेपाली नागरिक हुन चाहने विदेशी नागरिकले त्यसअघि नै आफ्नो मुलुकको नागरिकता त्याग्नुपर्नेमा उनीसँग दोहोरो नागरिकता रहेको पाइएको छ। नेपालमै जन्मिएको दाबी गर्ने शर्माको नेपालको जन्मदर्ता प्रहरीले अहिलेसम्म फेला पार्न सकेको छैन। उनले नेपाली नागरिकताको आडमा कुनकुन र कस्ता धन्दा चलाइरहेका थिए भन्ने विषयमा पनि प्रहरीले अनुसन्धान थालेको छ।

प्रहरीले जिल्ला प्रशासन कार्यालय सुनसरीसँग शर्माको नाममा भरिएको अनुसूचि फारम लगायतका कागजपत्र माग गरेको छ। एसपी थापाले नेपाली नागरिकता लिने अरु पनि भारतीयलाई तत्काल नियन्त्रणमा लिएर कारबाही गर्ने हिसाबले प्रहरी अघि बढिरहेको बताए। शर्माले किर्ते नेपाली नागरिकताको आडमा विराटनगर-५ मा सीतादेवी रायको नाममा रहेको एक कट्ठा आठ धुर जग्गा हडप्दै आफ्नो नाममा पार्ने प्रयास गरिरहेको खुलेको छ।

### सरकारको...

'संक्रमित बिरामीहरुको चाप दिनानुदिन बढ्दै गईरहेकाले यो अस्पताल पनि प्याक हुने अवस्थामा छ,' उनले भने, 'थप संक्रमितको उपचारका लागि दक्षिणतर्फको ब्लकमा पनि आवश्यक जनशक्ति थपेर सय बेड सञ्चालन ल्याउनुपर्छ।'

कोरोना संक्रमितको सघन उपचारका लागी विराटनगरस्थित नोबेल मेडिकल कलेजले पनि १ सय ९७ बेडको कोभिड अस्पताल सञ्चालनमा ल्याएको छ। ६२ वटा आई.सि.यु र ७१ वटा भेन्टिलेटर बेडसहित सञ्चालनमा आएको सो अस्पताल पनि बिरामीहरुले भरिएको अनुगमन टोलीले जनाएको छ। नोबेलमा दैनिक ३० जनाभन्दा बढी गम्भीर प्रकृतिका संक्रमितहरु उपचारका लागि आउने गरेपनि बेड नपाएर फर्किने गरेको कलेजका निर्देशक डा. राजेश नेपालले समितिलाई जानकारी गराएका थिए। प्रदेशमा १५ सय बेडको कोभिड अस्पताल सञ्चालनको आवश्यकता देखिएको उनले सुझाव दिएका छन्।

हाल प्रदेश १ मा ७ सय २७ बेडको कोभिड अस्पताल सञ्चालनमा छ। तर, अब त्यसले थेग्नसक्ने वातावरण नरहेकोले ७५० बेड तत्काल थप गर्न समितिले पहल गर्नुपर्ने उनको सुझाव थियो। कोरोना महामारीको रोकथाम तथा न्युनीकरणमा तुलनात्मक रुपमा प्रदेश सरकारको भुमिका कमजोर देखिदा हाल संक्रमणको जोखिम झनै बढेर गएको अस्पताल सञ्चालकहरुले बताएका छन्।

सरकारको भुमिका शुन्य देखिँदा प्रदेशमा एक अंकमा रहेको मृत्युदर दुई अंकमा पुगेको विराट मेडिकल कलेजका सञ्चालक डा. ज्ञानेन्द्रमान सिंह कार्कीले बताए। 'अहिले हाम्रो अस्पतालमा संक्रमितहरुको मृत्युदर ३ प्रतिशत छ', उनले भने, 'सरकारको रवैया यही रहने हो भने अबको हप्ता दिनभित्रै मृत्युदर झन वृद्धि बढ्छ।'

बुढीगंगा-२ स्थित विराट मेडिकल कलेजले पनि २३० बेडको कोभिड अस्पताल सञ्चालनमा ल्याएको छ। गम्भीर प्रकृतिका बिरामीहरुको चाप दिनानुदिन बढ्दै गईरहेको अवस्थालाई दृष्टिगत गर्दै अस्पतालले सोमबारबाटै ५० बेड थप गरेको जनाएको छ। सामाजिक विकास समितिका सदस्य तथा नेपाली कांग्रेस संसदीय दलका प्रमुख सचेतक केदार कार्कीले अस्पतालहरुमा देखिएका समस्या र चुनौतीहरुलाई मध्यनजर गर्दै प्रदेश सरकारलाई आवश्यक निर्देशन गरिने बताए। उनले प्रदेशमा थप कोरोना अस्पतालहरु सञ्चालनमा ल्याउने तथा औषधीहरुको कालोबजारी नियन्त्रण गर्ने विषयमा पनि पहल गरिने जानकारी दिए।

समितिकी सभापति सरिता थापासहित कृष्णकुमारी राई, सावित्राकुमारी रेग्मी, निरन राई, झलकबहादुर मगर र गणेशकुमार काम्बाङ्गलगायतका सदस्यहरुले कोभिड अस्पतालको अनुगमन तथा निरीक्षण गरेका थिए।

### प्रदेश १ मा...

यसैगरि, विराटनगर-१३ की ७८ वर्षीया वृद्धा महिलाको पनि विराटमै मृत्यु भएको छ। कोरोना परीक्षण रिपोर्ट पोजिटिभ आएर स्वास्थ्यमा समस्या देखिएपछि उनलाई उपचारका लागि वैशाख १७ गते अस्पताल भर्ना गरिएको थियो। उनको बिहान ५:१५ बजेतिर मृत्यु भएको हो।

उता सुनसरीको दुहवी नगरपालिका-११ का ३८ वर्षीय पुरुषको पनि विराटमै उपचारका क्रममा मृत्यु भएको छ। कोभिड अस्पताल इन्चार्ज देवका अनुसार बिहान ५:३० बजेतिर उनको मृत्यु भएको हो। उनलाई उपचारका लागि वैशाख १९ गते अस्पतालमा भर्ना गरिएको थियो। विराटनगरकै नोबेल मेडिकल कलेजमा सुनसरीको बराहक्षेत्र नगरपालिका-११ की ३५ वर्षीया महिलाको बिहान ५ बजेतिर मृत्यु भएको छ। अस्पतालका प्रबन्धक नारायण दाहालका अनुसार कोरोना पुष्टि भएकी उनलाई वैशाख २४ गते अस्पताल भर्ना गरिएको थियो।

त्यस्तै सिरहाको भवानीपुर- ४ का ५० वर्षीय पुरुषको पनि उपचारका क्रममा बिहान ५:१५ बजेतिर नोबेलमै मृत्यु भएको छ। कोरोना पुष्टि भएपछि उनलाई उपचारका लागि वैशाख २४ गते भर्ना गरिएको थियो। यस्तै नोबेलमा धनकुटाको मारेकटहरेकी २४ वर्षीया कोरोना संक्रमित महिलाको पनि उपचारको क्रममा मृत्यु भएको छ।

उता कोरोना सङ्क्रमणका कारण विराटनगरका मुद्रण व्यवसायीको सुनसरीको धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा मृत्यु भएको छ। मुद्रण व्यवसायी विष्णु खतिवडाको आइतबार बेलुका ७ बजे मृत्यु भएको हो।

विराटनगर-८ का ५६ वर्षीय खतिवडालाई वैशाख १० गते कोरोना पोजेटिभ देखिएको थियो। नोबेल मेडिकल कलेज हुँदै उनलाई सोही दिन विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा भर्ना गरिएको थियो। संक्रमित भएपछि निमोनिया भएको र त्यसकै कारण उनको निधन भएको प्रतिष्ठानले जनाएको छ।

प्रतिष्ठानका सहप्रवक्ता डा.चुरामणी पोखरेलका अनुसार प्रतिष्ठानमा उपचाररत झापा विर्तामोड- ५ का ६२ वर्षीय पुरुष र इटहरी उपमहानगरपालिका-२ का ५८ वर्षीय पुरुषको पनि आइतबार राति मृत्यु भएको छ। उनीहरु दुबैको राति १० बजे मृत्यु भएको थियो।

यस्तै मोरङको ग्रामथान-५ बस्ने ५० वर्षीय पुरुष र धरान-१६ बस्ने ४१ वर्षीय पुरुषको पनि आइतबार राति नै प्रतिष्ठानमा मृत्यु भएको छ।

यसैगरि, सुनसरीको बराहक्षेत्र १० प्रकाशपुर निवासी ७२ वर्षीय कोरोना सङ्क्रमितको मृत्यु भएको छ। चक्रघट्टीस्थित नगरपालिकाको आइसोलेसनमा रहेका उनको आइतबार साँझ ७:२० मा मृत्यु भएको हो। श्वासप्रश्वासमा सामान्य समस्या देखिएका उनी शौच गर्न गएको समयमा लड्खडाएपछि अक्सिजन लेभल घटेको र थप उपचारको लागि विराटनगर लैजाने क्रममा उनको मृत्यु भएको हो। आइसोलेसनका स्वास्थ्यकर्मी विकास झाका अनुसार नोबेल अस्पतालमा बेड भनेर पठाउने तयारी गरेको बेला मृत्यु भएको हो।

# पाँचथर अस्पताललाई २० थान अक्सिजन सिलिण्डर



◆ हाम्रोमात संवाददाता

*पाँचथर, २७ वैशाख*

पाँचथर जिल्ला अस्पताललाई निजी क्षेत्रले २० थान अक्सिजन सिलिण्डर उपलब्ध गराएको छ। पाँचथर उद्योग वाणिज्य संघको पहलमा अस्सिजन सिलिण्डरहरु जुटाएर सोमबार जिल्ला अस्पताललाई हस्तान्तरण गरिएको हो।

उद्योग वाणिज्य सघले एक औपचारिक कार्यक्रम आयोजना गरेर कोभिड संक्रमण फैलिरहेको बेला बिरामीको उपचारमा सहयोग पुग्ने भएकोले अक्सिजन सिलिण्डर उपलब्ध गराएको अध्यक्ष दीपक नेपालले जानकारी दिए। उनले संक्रमितहरुको उपचारमा तत्काल समस्या नहोस् भन्नका लागि अक्सिजन सिलिण्डरको प्रवन्ध गरेको बताए।

यस अघि पाँचथर जिल्ला अस्पताल पाँचथरमा १४ थन अक्सीजन सिलिन्डर थियो। महामारीको समयमा उक्त सिलिण्डर प्रयाप्त नहुने ठहर गर्दै निजी क्षेत्रले पूर्वतयारी स्वरुप केही थान सिलिण्डर संकलन गरेर हस्तान्तरण गरेको हो।

जिल्लाका उद्यमी व्यवसायीहरुको सहयोगमा सिलिण्डरको प्रवन्ध गरेको र थप पूर्वतयारीमा जुट्न सरकारलाई अनुरोध गरेको संघका माहासचिव नबराज घिमिरेले बताए।

## बेलबारीमा आइसोलेसन

बेलबारी, २७ वैशाख (हाम्रोमत)- मोरङको बेलबारी नगरपालिकाले अक्सिजनसहितको १५ बेडको आइसोलेसन तयार गरेको छ।

बेलबारी २ मा रहेको बागदेवि सामुदायिक बन उपभोक्ता समूहको भवनमा नगरपालिकाले आइसोलेसन तयार गरेको हो।

नगरपालिकाले यसअघि पहिलो चरणको कोभिडमा समेत आइसोलेसन सञ्चालनमा ल्याएको थियो। नगरको पहिलो प्राथमिकतो स्वास्थ्य भएकोले नगरवासीलाई समस्या हुन नदिने आइसोलेसन सञ्चालन गरेको नगरप्रमुख ज्ञानेन्द्र सुवेदीले बताए। नगरवासीलाई स्वास्थ्य उपचारका लागि कुनै पनि कसर बाँकी नराख्ने नगर प्रमुख सुवेदीको भनाइ छ। नगरपालिकाले कोरोना भाइरसबाट संक्रमित नागरिकहरुलाई अस्पतालसम्म पुऱ्याउनका लागि निःशुल्क एम्बुलेन्सको व्यवस्थापन गरेको जनाएको छ।







